# मालारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खनदह, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : ०८२/०८३
चलानी नम्बर : १०५१

मितिः २०८२/०९/०२
ने.सं.११४६ थिँलागा १३

विषयः करार शिक्षक तथा विद्यालय कर्मचारीको म्याद थप सम्बन्धमा ।

श्री सामुदायिक विद्यालयहरू सबै,
मालारानी गाउँपालिका, अर्घाखाँची ।

उपर्युक्त सम्बन्धमा शिक्षा नियमावली (संशोधनसहित),२०५९ को नियम ९७(८) बमोजिम करारमा शिक्षक नियुक्त भएको एक शैक्षिक सत्रसम्म पनि रिक्त पदमा स्थायी पद पूर्ति नभएमा व्यवस्थापन समितिले यसरी स्थायी पद पूर्ति नभएसम्मका लागि एक पटकमा छ महिनामा नबढाई करारको म्याद थप गर्न सक्नेछ भन्ने व्यवस्थाको कार्यान्वयनको लागि म्याद थप गर्न उपयुक्त करार शिक्षकको हाललाई चैत्र मसान्त सम्म म्याद थप गर्ने र वैशाख १ गतेबाट लागूहुने गरी पुनः ६/६ महिनाको अवधि राखी म्याद थप गर्दैजाने व्यवस्था कार्यान्वयन गर्नु गराउनुहुन र सोको जानकारी शिक्षा विकास तथा समन्वय इकाइ, अर्घाखाँची र यस कार्यालयलाई दिनुहुन अनुरोध छ । साथै विद्यालय कर्मचारी र बालविकास सहजकर्ताको नियुक्ति सम्बन्धी कार्यविधिमा करार म्याद थप सम्बन्धी व्यवस्था उल्लेख गरी करार शिक्षक सरह म्याद थप गर्नुहुन र म्याद थप नभएका करार शिक्षक, बालविकास सहजकर्ता र विद्यालय कर्मचारीको तलबभत्ता यस आ.व. को तेस्रो त्रैमासिकदेखि यस कार्यालयबाट निकासा नहुने व्यहोरा समेत अनुरोध छ ।

२०८२/९/२
............
गोविन्द भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र, शासकीय सुधार शाखा, सानोठिमी भक्तपुर ।
श्री शिक्षा विकास तथा समन्वय इकाइ, अर्घाखाँची ।